# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०८।०९ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

ईलाका प्रशासन कार्यालय, गौरीगंज, झापाका कर्मचारीले राहदानीमा १ वर्ष उमेर घटाए वा बढाएबापत अनलाइन रकम असुल गरी पासपोर्ट सिफारिस गर्ने गरेको र कसैलाई उक्त रकम लिएको कुरा भनेमा राहदानी बिभागमार्फत राहदानी ब्लक गरिदिने धम्किसमेत दिने गरेको भन्ने समेत व्यहोराको प्राप्त उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा राहदानी विभाग, त्रिपुरेश्वर, काठमाडौंको पत्रबाट ईलाका प्रशासन कार्यालय, गौरीगञ्ज, झापामा राहदानीका लागि आवेदन फाराम पेस गरी मिति २०७९/०३/०१ देखि मिति २०७९।०६।३० सम्मको अवधिमा ईलाका प्रशासन कार्यालय गौरीगञ्ज, झापाबाट जारी भएका राहदानी वाहकहरुको जन्म मिति र नेपाली नागरिकताको प्रमाणपत्र नम्बर सहितको बिस्तृत विवरणको प्रमाणित प्रतिलिपि तथा इलाका प्रशासन कार्यालय, गौरीगञ्ज, झापाको पत्रबाट मिति २०७९/०५/०१ देखि मिति २०७९/०५/१५ सम्मको अवधिको राहदानी प्रयोजनार्थ आवेदकहरुको प्रि-इनरोलमेण्ट फाराम, कन्फरमेशन पेज, राजस्व तिरेको बैंक भौचर साथै नेपाली नागरिकता प्रमाणपत्र तथा राहदानीको प्रतिलिपि लगायतका कागजातहरु प्राप्त भएकोमा जारी राहदानीहरुमध्ये नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित जन्म मिति भन्दा फरक जन्म मिति पारी राहदानी जारी गरेको देखिंदा राहदानी **वाहक विनोद कुँवर**को मिति ई.सं. २३ अगष्ट २०२२ मा जारी राहदानी नं. PA ०७२३९०५ को राहदानीमा निजको नेपाली नागरिकताको प्रमाणपत्र बमोजिम निजको जन्म मिति बि.सं. २०३३/०६/२७ तदनुसार ई.सं. १९७६/१०/१३ हुनुपर्नेमा निजको राहदानी (Passport) मा निजको जन्म मिति ई.सं. १९८१/१०/१३ कायम गरी गराई राहदानीमा ५ वर्ष उमेर घटाउन निज विनोद कुँवरको ePASSPORT APPLICATION FORM (अनुसूची-२) रुजु तथा प्रमाणीकरण (Validation/ Approval) गरी गराई राहदानी जारी गरेको, **राहदानी वाहक सिमान्त विश्वकर्मा**को मिति ई.सं. २६ अगष्ट २०२२ मा जारी राहदानी नं. PA०७२३७४१ को राहदानीमा निजको नेपाली नागरिकता प्रमाणपत्र बमोजिमको निजको जन्म मिति बि.सं. २०६१/०५/१८ तदनुसार ई.सं. २००४/०९/०३ हुनुपर्नेमा राहदानी (Passport) मा जन्म मिति ई.सं. २००२/०९/०३ कायम गरी राहदानीमा २ वर्ष उमेर बढाउन निज सिमान्त विश्वकर्माको ePASSPORT APPLICATION FORM (अनुसूची-२) रुजु तथा प्रमाणीकरण (Validation/Approval) गरी गराई राहदानी जारी गरेको, **राहदानी वाहक गोविन्द प्रसाद दुङ्गेल**को मिति ई.सं. २६ अगष्ट २०२२ मा जारी राहदानी नं. PA०७२३७३५ को राहदानीमा निजको नेपाली नागरिकता प्रमाणपत्र बमोजिमको निजको जन्म मिति बि.सं. २०३८/०४/११ तदनुसार ई.सं. १९८१/०७/२६ हुनुपर्नेमा निजको राहदानी (Passport) मा जन्म मिति ई.सं.१९८६/०७/२६ कायम गरी राहदानीमा ५ वर्ष उमेर घटाउन निज गोविन्द प्रसाद दुङ्गेलको ePASSPORT APPLICATION FORM (अनुसूची-२) रुजु तथा प्रमाणीकरण (Validation/Approval) गरी गराई राहदानी जारी गरेको तथा **राहदानी वाहक बलराम महतो**को मिति ई.सं. ३० अगष्ट २०२२ मा जारी राहदानी नं. PA०७२३७५५ को राहदानीमा निजको नेपाली नागरिकता प्रमाणपत्र बमोजिमको निजको जन्म मिति बि.सं. २०३९/०७/०७ तदनुसार ई.सं. १९८२/१०/२४ हुनुपर्नेमा राहदानी (Passport) मा निजको जन्म मिति ई.सं. १९९०/१०/२४ कायम गरी ८ वर्ष उमेर घटाउन निज

बलराम महतोको ePASSPORT APPLICATION FORM (अनुसूची-२) रुजु तथा प्रमाणीकरण (Validation/Approval) गरी गराई राहदानी जारी गरेको, राष्ट्रिय परिचयपत्र जारी गर्ने क्रममा समेत निज प्रतिबादीहरुमध्ये सिमान्त विश्वकर्माको २ वर्ष उमेर बढाई राष्ट्रिय परिचय नं. जारी गरेको देखिएकोले यसरी जिल्ला प्रशासन कार्यालय, झापाबाट समेत बिनोद कुंवर र बलराम महतोको सन् २०१३ मा राहदानी जारी हुँदा उमेर हेरफेर गरी क्रमशः ५ वर्ष र ८ वर्ष उमेर घटाई राहदानी जारी गरेको, नागरिकताको प्रमाणपत्रमा भएको जन्म मिति भन्दा राहदानीमा उमेर घटाई तथा बढाई बदनियतपूर्वक सरकारी कागजातमा अनाधिकार वा गैरकानुनी तरिकाले विवरण हेरफेर/थपघट गरी राहदानी जारी गर्ने गराउने कार्यमा प्रत्यक्ष संलग्न ईलाका प्रशासन कार्यालय, गौरीगञ्ज, झापामा कार्यरत तत्कालीन इलाका प्रशासन प्रमुख (शाखा अधिकृत) चुडामणी आपगाँई, नायब सुब्बा रविन कुमार राजबंशी, कम्प्युटर अपरेटर आकाश मगर र कार्यालय सहयोगी जीवन कुमार दाहाल तथा मिति ई.सं. २०१३ मे १७ मा जिल्ला प्रशासन कार्यालय, झापामार्फत जारी विनोद कुँवरको राहदानी तथा २०१३ नोभेम्बर २९ मा जारी बलराम महतोको राहदानी जारी गर्दा प्रत्यक्ष रुपमा संलग्न जिल्ला प्रशासन कार्यालय, झापामा तत्कालीन समयमा कार्यरत प्रशासकीय अधिकृतहरु लक्ष्मी प्रसाद खरेल र केशव प्रसाद रिजालको संलग्नता रहेको तथा निज प्रतिवादीहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूर गरेको खुल्न आएको हुँदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरु उपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | कसुर तथा सजायको मागदाबी |
|---|---|---|
| १. | ईलाका प्रशासन कार्यालय गौरीगञ्ज, झापाका तत्कालीन प्रमुख **चुडामणी आपगाँई,** तत्कालीन नायव सुव्बा **रविन कुमार राजबंशी**, तत्कालीन कम्प्युटर अपरेटर **आकाश मगर** र तत्कालीन कार्यालय सहयोगी **जीवन कुमार दाहाल** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरजन्य कार्य भएको हुँदा सोही ऐनको सोही दफा ११ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदावी लिइएको छ। |
| २. | जिल्ला प्रशासन कार्यालय, झापाका तत्कालीन प्रशासकीय अधिकृतहरु **लक्ष्मी प्रसाद खरेल** र **केशव प्रसाद रिजाल** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरजन्य कार्य भएको हुँदा सोही ऐनको सोही दफा ११ बमोजिम कैद र जरिवानाको सजाय हुन मागदावी लिइएको छ। |
| ३. | राहदानी वाहकहरु **विनोद कुवँर, सिमान्त विश्वकर्मा, गोविन्द प्रसाद ढुंगेल** र **बलराम महतो** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसूरजन्य कार्यको अन्य गैरकानूनी लाभ प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसूर भएको हुँदा मुख्य कसूरदारहरुलाई हुने भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको सजायलाई आधार मानी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता

राजेन्द्र कुमार पौडेल